# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०३ अंक- २४, २०८२ असोज

**महासंघको परिचय:**

राष्ट्रिय बाहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी र सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, बिश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २४, २०८२ असोज

## यस अंक भित्र:

**विषय-सूची** **पेज**

- **साङ्केतिक भाषाहरुको अन्तर्राष्ट्रिय दिवस तथा बहिरा सप्ताह २०८२ सम्पन्न** - २
- **साङ्केतिक भाषा र बहिरा संस्कृतिको प्रवर्द्धन सम्बन्धी काठमाण्डौ घोषणापत्र-२०८२ जारी** - ४
- **बिभिन्न बिषयमा जानकारीमुलक भिडियो निर्माण** - ५

**बिबिध**

- **काभ्रे बहिरा विकास संघको अधिबेशन सम्पन्न** - ५
- **डडेलधुरा बहिरा संघको अधिबेशन सम्पन्न** - ६
- **बहिरा संघ कैलालीको अधिबेशन सम्पन्न** - ६

**प्रकाशित समाचारबाट**

- **साङ्केतिक भाषाको अन्तर्राष्ट्रिय दिवस : अधिकार र समावेशिता -** शिलु शर्मा - ६
- **साङ्केतिक भाषाको पहुँच** – सुशील दर्नाल - ६

## साङ्केतिक भाषाहरुको अन्तर्राष्ट्रिय दिवस तथा बहिरा सप्ताह २०८२ सम्पन्न

मिति २०८२ असोज ७ गते “साङ्केतिक भाषाको अधिकार बिना मानव अधिकार सम्भव छैन” भन्ने मूल नाराका साथ आठौ साङ्केतिक भाषाहरुको अन्तर्राष्ट्रिय दिवस तथा बहिरा सप्ताह २०८२ कार्यक्रमहरुको आयोजना गरी देशभर भव्यताका साथ सम्पन्न भएको छ। सोही अवसरमा बहिरा नागरिकहरुको पहिचान, अधिकार एवं विकासका लागि साङ्केतिक भाषा र बहिरा संस्कृतिको प्रवर्द्धनको माग गरिएको थियो। हरेक वर्ष सेप्टेम्बर २३ तारिख मनाइने साङ्केतिक भाषाहरुको अन्तर्राष्ट्रियका दिवसको अवसरमा यस




*भाषा आयोगका माननीय अध्यक्ष ज्यूले निलो रिबन काटेर उद्घाटन गर्नुहुदै*

बर्ष पनि राष्ट्रिय बहिरा महासंघ नेपालले जनचेतनामूलक र्यालीको आयोजना गरेको थियो। उक्त र्यालीमा भाषा आयोगका माननीय अध्यक्ष डा. गोपाल ठाकुरले साङ्केतिक भाषा बहिराहरुको मात्र नभई सबैको भाषा भएकोले सबैले यस बिषयमा चासो लिनुपर्ने बताउनु भएको थियो। नेपालको संविधानको धारा ३१ ले साङ्केतिक भाषाको बारेमा स्पष्ट उल्लेख गरेको र संविधानको धारा ६ ले पनि नेपालमा बोलिने सबै मातृ भाषाहरु राष्ट्र भाषाहरु हुन् भन्नुका साथै नेपालको २०७८ को जनगणना को प्रतिवेदन अनुसार नेपालमा बोलिने भाषाहरुको तालिका ३२ नम्बरमा साङ्केतिक भाषालाई समावेश गरिएकोले साङ्केतिक भाषा राष्ट्रिय भाषाले मान्यता प्राप्त गरिसकेको भन्ने विचार व्यक्त गर्नु भएको थियो । त्यसै गरि अबिलिस फाउन्डेसनका देशीय संयोजक डा. बिरेन्द्र राज पोख्रेलले बहिरा व्यक्तिका संचारका अवरोध चिर्नको लागि भाषिक पहिचान सहितको ज्ञापन पत्र सरकारलाई पेश गर्ने, बहिरा संस्कृतिको विकास र साङ्केतिक भाषाको मान्यता प्राप्त गर्ने कुरामा सहकार्य गर्ने अवसर प्राप्त गरेकोमा खुशी व्यक्त गर्नु भएको थियो। भने राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष के.सी.ले नेपाली साङ्केतिक भाषाले राष्ट्रिय मन्यता प्राप्त गरेकोमा कुनै दुविधा नरहेको र त्यसलाई व्यवस्थित गर्न र कानुनमा उल्लेख गरेर अभ्यासमा ल्याउने बाँकी रहेको र सो कार्यको लागि भाषा आयोगसंग सहकार्य गरेर अगाडि बढ्ने बताउनु भएको थियो। साथै गण्डकी प्रदेशमा साङ्केतिक भाषालाई सरकारी कामकाजको रुपमा मान्यता दिएको र कोशी प्रदेशमा पनि भाषा विधयेकमा समेट्नको लागि पहल गरेको जानकारी गराउनु भएको थियो।



*र्यालीमा सहभागीहरु*

भृकुटीमण्डपबाट शुरु भएको र्याली काठमाडौँ बहिरा संघ, ललितपुर बहिरा संघ, भक्तपुर बहिरा संघ, राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ नेपाल, अबिलिस फाउन्डेसन लगायतका बिभिन्न संघसंस्थाहरुको ब्यानर ,प्ले कार्ड सहित शहिदगेट, रत्नपार्क हुदै भृकुटीमण्डपमा पुगेर कोणसभामा परिणत भई समापन भएको थियो। उक्त र्यालीमा बहिरा समुदायका अतिरिक्त विभिन्न अपाङ्गता भएका व्यक्तिका संघसंस्था, दोभाषे, अभिभावक, विद्यालय, सरकारी निकायका प्रतिनिधिहरु गरि करिब ४०० जना उपस्थिति रहेको थियो। बहिरा समुदायको पहिचान स्वरूप कमलादीस्थित स्काई वाक टावरमा साँझको समयमा नीलो बत्ती समेत बालिएको थियो।


*कमलादीस्थित स्काई वाक टावर*

NDFN 1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २४, २०८२ असोज

## साङ्केतिक भाषा र बहिरा संस्कृतिको प्रवर्द्धन सम्बन्धी काठमाण्डौ घोषणापत्र-२०८२ जारी

“आठौं साङ्केतिक भाषाहरूको अन्तर्राष्ट्रिय दिवस” तथा “अन्तर्राष्ट्रिय बहिरा सप्ताह २०८२” को अवसरमा राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा अबिलिस फाउन्डेसनको आर्थिक सहयोगमा साङ्केतिक भाषा र बहिरा संस्कृति सम्बन्धि बहिरा नागरिकहरुको राष्ट्रिय भेला मिति २०८२ असोज ७ गते गते काठमाण्डौमा सम्पन्न भएको छ । उक्त राष्ट्रिय भेलाबाट “साङ्केतिक भाषा र बहिरा संस्कृतिको प्रवर्द्धन सम्बन्धी काठमाडौं घोषणापत्र-२०८२” पारित गरी जारी गरिएको छ । घोषणापत्रमा नेपाली साङ्केतिक भाषाको संरक्षण, प्रयोग र प्रवर्द्धन, बहिरा संस्कृतिको पहिचान, शिक्षा, सूचना, रोजगार तथा सरकारी सेवामा साङ्केतिक भाषाको पहुँच सुनिश्चित गर्नुपर्ने विषयहरू समावेश छन् । कार्यक्रममा नेपाली साङ्केतिक भाषा दोभाषे तथा अनुसन्धानकर्ता शिलु शर्माले ‘नेपाली सांकेतिक भाषाको इतिहास र भाषिक स्वरूप’ विषयमा प्रस्तुति दिएकी थिइन् । महासंघका अध्यक्ष सन्तोष के.सी. ले ‘नेपालमा साङ्केतिक भाषाको अवस्था, चुनौती र आगामी बाटो’ विषयमा प्रस्तुति गर्दै साङ्केतिक भाषाको सुदृढीकरणका लागि सरकारी तहमा नीति कार्यान्वयन आवश्यक रहेको बताउनुभयो ।




*सामुहिक तस्बिर*

भाषा आयोगका का.मू. सचिव डा. लोकबहादुर लोप्चनले ‘नेपाली साङ्केतिक भाषा र प्रयोग सम्भाव्यता’ शीर्षकमा प्रस्तुति दिंदै संविधान बनेको दस वर्ष बितिसक्दा पनि धारा ३२ अन्तर्गतको ‘भाषा तथा संस्कृतिको हक’ कार्यान्वयनमा आउन नसकेको उल्लेख गर्नुभयो । अबिलिस फाउन्डेसनका देशीय संयोजक डा. बिरेन्द्रराज पोखरेलले बहिरा संस्कृतिको बुझाइका सम्बन्धमा धारणा व्यक्त गर्दै बहिरा संस्कृतिको प्रवर्द्धन र सबै बहिरा तथा सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको सञ्चार अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको थियो । कार्यक्रममा देशभरका बहिरा संघ-संस्थाका प्रतिनिधि, शिक्षक, दोभाषे, सरकारी अधिकारी र सञ्चारकर्मीहरू गरी ८० जनाको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा वक्ताहरूले साङ्केतिक भाषा एवं बहिरा संस्कृतिको बिकास र बहिरा समुदायको अधिकार सुनिश्चितताका लागि सबै तहका निकायहरूको सहकार्य र प्रतिबद्धता आवश्यक रहेको बताएका थिए । साथै राष्ट्रिय बहिरा महासंघ नेपालले काठमाडौं घोषणापत्र-२०८२ लाई कार्यान्वयनमा ल्याउन सबै सरोकारवालाहरूसँग आपसमा सहकार्यको लागि आह्वान गरेको थियो ।



*सामुहिक रुपमा घोषणा पत्र-२०८२ सार्वजनिक गर्दै*

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन
# “बहिरा आवाज”

वर्ष -०३ अंक- २४, २०८२ असोज


## बिभिन्न बिषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले एबिलिस फाउन्डेसनको सहयोगमा बहिरा समुदायको सूचना र सञ्चार तथा डिजिटल प्रविधिमा पहुँच अभिबृद्दी परियोजना अन्तर्गत २०२५ मा आरम्भ गरेको साङ्केतिक भाषाको भिडियो निर्माण कार्यले निरन्तरता पायो। बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक, उत्पादनमुलक, सहभागितामुलक भिडियो सामग्रीहरु पहुँचयुक्त ढाँचामा उत्पादन र प्रसारण गरिएको छ। असोज महिनामा निर्माण गरिएका जानकारीमुलक भिडियो हेर्नुहोस्।

१. सेतो पुतली "शापू"बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
२. साङ्केतिक भाषाहरुको अन्तर्राष्ट्रिय दिवस २०८२ र्‍याली कार्यक्रममा सहभागिताको लागि आमन्त्रण भिडियो यहाँ हेर्नुहोस्।
३. "साङ्केतिक भाषाहरुको अन्तराष्ट्रिय दिवसको अवसरमा भाषा आयोगका माननीय अध्यक्ष डा.गोपाल ठाकुरको भनाइ राख्नुहुदै" भिडियो यहाँ हेर्नुहोस्।
४. साङ्केतिक भाषाहरुको अन्तराष्ट्रिय दिवसको अवसरमा एविलिस फाउण्डेसनका नेपाल कोअर्डिनेटर डा विरेन्द्र राज पोखरेल ज्यु ले दिवसका अवसरमा राख्न भएको विशेष भनाइ सहित भिडियो यहाँ हेर्नुहोस्।
५. "विस्मृतिलाई चिनौ, अल्जाइमर्सबारे जानौ" बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
६. "धुम्रपान बारे" जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
७. "निर्वाचन आयोगको मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धी" जानकारीमूलक भिडियो यहाँ हेर्नुहोस्।

# बिबिध

## काभ्रे बहिरा विकास संघको अधिबेशन सम्पन्न



*नवनिर्वाचित कार्यसमिति सदस्यहरु*

मिति २०८२ असोज ८ गते सम्पन्न काभ्रे बहिरा विकास संघ, काभ्रेको २८ औँ वार्षिक साधारण सभा तथा १४ औँ अधिवेशनबाट शर्मिला मानन्धरको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ। नयाँ कार्यसमितिमा उपाध्यक्ष - तुलसी तिमल्सिना, सचिव - ठूलोभाई तिमल्सिना, कोषाध्यक्ष - दिनेश वादे श्रेष्ठ तथा सदस्यहरुमा रिता के. सी., अंकिता आचार्य, सिता थापा, कञ्चन मानन्धर, श्याम तामाङ, उद्धव अधिकारी, नेहा श्रेष्ठ र विर बहादुर बोगटी निर्वाचित भएका छन्।

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन
"बहिरा आवाज"

वर्ष -०३ अंक- २४, २०८२ असोज

## डडेलधुरा बहिरा संघको अधिबेशन सम्पन्न

मिति २०८२ असोज ९ गते सम्पन्न डडेलधुरा बहिरा विकास संघ, डडेलधुराको ८ औँ वार्षिक साधारण सभा तथा ४ औँ अधिवेशनबाट हर्क बहादुर धामीको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ । नयाँ कार्यसमितिमा उपाध्यक्ष - सोबन दमाई, सचिव - सरस्वती पाल, कोषाध्यक्ष - रमा शर्मा (माली) तथा सदस्यहरुमा प्रकाश दत्त अवस्थी, बसन्त जोशी, दिपक माली, महेश पन्त र कमला खड्का निर्वाचित भएका छन् ।



*नवनिर्वाचित कार्यसमिति सदस्यहरु*

## बहिरा संघ कैलालीको अधिबेशन सम्पन्न



*नवनिर्वाचित कार्यसमिति सदस्यहरु*

मिति २०८२ असोज २७ गते सम्पन्न बहिरा संघ कैलाली, कैलालीको १३ औँ वार्षिक साधारण सभा तथा ५ औँ अधिवेशनबाट दिनेश पनेरुको नेतृत्वमा ७ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ । नयाँ कार्यसमितिमा उपाध्यक्ष - पिंकी बोगटी, सचिव - विजय साउद, कोषाध्यक्ष - मिना कुमारी बुढाक्षेत्री तथा सदस्यहरुमा नरेश कपड्याल, जीवन चौधरी, खिना खडायत र शेर रावल निर्वाचित भएका छन् ।

# प्रकाशित समाचारबाट

## साङ्केतिक भाषाको अन्तर्राष्ट्रिय दिवस : अधिकार र समावेशिता - शिलु शर्मा

बहिरा समुदायले सुन्ने समाजसँग सहयात्री बन्न, काँधमा काँध मिलाएर हिँड्न यति कार्य गरेर पुग्दैन । आफ्ना आवाजलाई सुन्ने समुदायसम्म पुऱ्याउनका लागि राज्यले, नागरिक समाजले, सरोकारवाला निकायले अझै धेरै काम गर्नुपर्ने देखिन्छ ।


थप विवरण शिलापत्रबाट साभार यहाँ हेर्नुहोस् ।

## साङ्केतिक भाषाको पहुँच – सुशील दर्नाल

समग्रमा नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धी, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, शिक्षा ऐनलगायतका ऐन, कानुनमा सुनिश्चित गरिएका बहिरा नागरिकका हक अधिकारमा बहिरा समुदायको अधिकार सुनिश्चित गर्न, नभएका कानुन निर्माण गरी कार्यान्वयन गर्न, बहिरा समुदायको मूल प्रवाहीकरण गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र एवं अन्तर्राष्ट्रिय समुदायबिच सहकार्य हुनु पर्छ ।

थप विवरण गोरखापत्रबाट साभार यहाँ हेर्नुहोस् ।

## हाम्रा साझेदार संस्थाहरु :-




"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

